नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं

चौमासिक

# तथ्याङ्क गतिविधि

Four Monthly

# Statistical Bulletin



वर्ष - ४१ | पूर्णाङ्क - १२० | अङ्क - १
Year – 41 | Volume – 120 | No. - 1

## सम्पादकीय

केन्द्रीय तथ्याङ्क विभागका नियमित प्रकाशनहरू मध्ये चालु आ.व. २०७५/७६ को प्रथम अङ्कको रूपमा यो चौमासिक तथ्याङ्क गतिविधि वर्ष-४१, पूर्णाङ्क-१२०, अङ्क-१ (श्रावण–कार्तिक) यहाँहरू समक्ष प्रस्तुत गरिएको छ। तथ्याङ्क क्षेत्रका गतिविधि समेट्ने गरी विगत ४१ वर्षदेखि नियमित रूपमा चौमासिक तथ्याङ्क गतिविधि यस विभागद्वारा प्रकाशन भइरहेको यहाँहरूलाई बिदितै छ।

चौमासिक तथ्याङ्क गतिविधिको यस अङ्कमा केन्द्रीय तथ्याङ्क विभागबाट गत आ.व. २०७४/७५ को अन्तिम चौमासिक र चालु आ.व. २०७५/७६ को प्रथम चौमासिकसम्म सञ्चालन गरिएका कृयाकलापहरू समेटिएका छन्। प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा, व्यावसायिक चिया खेती सर्वेक्षणको नतिजा २०७५, राष्ट्रिय जनगणना २०७८–दृष्टिकरण, आ.व २०७४/७५ को तेस्रो चौमासिकमा सम्पन्न भएका र आ.ब.२०७५/७६ को प्रथम चौमासिकमा विभागका विभिन्न शाखाबाट सम्पन्न भएका तथ्याङ्कीय गतिविधि (लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखा, राष्ट्रिय लेखा शाखा, व्यापार तथ्याङ्क शाखा, प्रकाशन वितरण तथा पुस्तकालय शाखा र जनगणना शाखा) र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) सम्बन्धी सूचनाहरूको विवरण आदि प्रस्तुत गरिएका छन्। यसमा प्रकाशित जानकारी तथा तथ्याङ्क सम्बन्धित क्षेत्रका पाठकहरूका लागि उपयोगी हुने विश्वास लिएका छौं।

अन्त्यमा, तथ्याङ्क गतिविधिको आगामी प्रकाशनहरूको सुधार र परिमार्जनका लागि सदा झैं पाठकवर्गको रचनात्मक सुझावको अपेक्षा गर्दछौं।

■■

## विषयसूची

■ प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा — २
■ व्यावसायिक चिया खेती सर्वेक्षण २०७५ — ६
■ राष्ट्रिय जनगणना २०७८– दृष्टिकरण — ९
■ आ.व. २०७४/७५ को तेश्रो चौमासिकमा सम्पन्न भएका र आ.व. २०७५/७६ को प्रथम चौमासिकमा विभागका विभिन्न शाखाबाट सम्पन्न भएका तथ्याङ्कीय गतिविधिहरू — ११
■ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) सम्बन्धी सूचनाहरूको विवरण — १४

**सम्पादक मण्डल**

निर्देशक श्री तीर्थराज चौलागाई
अध्यक्ष
निर्देशक श्री रामहरि गैह्रे
सदस्य
निर्देशक श्री राजन सिलवाल
सदस्य
त.अ. श्री कपिल देव जोशी
सदस्य सचिव

**सल्लाहकार**

उपमहानिर्देशक श्री नेबिन लाल श्रेष्ठ
उपमहानिर्देशक श्री हेमराज रेग्मी
उपमहानिर्देशक श्री डिल्लीराज जोशी

**यस प्रकाशनसँग संलग्न अन्य कर्मचारी**

निर्देशक श्री विमल राज बगाले
पुस्तकालय अधिकृत श्री नानीराम कार्की
तथ्याङ्क सहायक श्री कमलराज गौतम

प्रकाशन प्रति : १000

# प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा

## १. परिचय

केन्द्रीय तथ्याङ्क विभागले समय समयमा विभिन्न गणना, सर्वेक्षण तथा अन्य स्रोतवाट तथ्याङ्क संकलन तथा प्रशोधन गरी यसका नतिजाहरू प्रयोगकर्ता समक्ष पुर्‍याउँदै आएकोछ । दिगोरूपमा आर्थिक तथ्याङ्कहरू उपलब्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता हो । देशको आर्थिक वृद्धिलाई मजबुत तुल्याउनका लागि आर्थिक तथ्याङ्कलाई सबल तुल्याउनु आजको आवश्यकता रहेकोछ। आर्थिक तथ्याङ्कको आधारको रूपमा विभिन्न प्रकारका उद्योग, व्यवसाय, संघसंस्था आदि प्रतिष्ठानहरू (आर्थिक एकाइहरू) को विवरण संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्यता महसुस भई केन्द्रीय तथ्याङ्क विभागले मिति २०७५ साल वैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म  नेपालको प्रथम राष्ट्रिय आर्थिक गणनाको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिसकेको छ । यस गणनामा सन्दर्भ दिनका रूपमा २०७५ वैशाख १ गतेलाई तोकिएको थियो । देशका ७७ जिल्लामा नै आर्थिक गणना कार्यालयहरू स्थापना गरी आर्थिक गणनाको देशव्यापी रूपमा तथ्याङ्क संकलनको कार्यक्रम सञ्चालन गरिएको थियो ।

देशमा आर्थिक तथ्याङ्कको आधार खडा गर्नु यस गणनाको मुलभूत लक्ष्य रहेको छ भने प्रतिष्ठान तथा व्यवसायहरूको व्यावसायिक क्रियाकलाप सम्बन्धी वर्तमान अवस्थाका आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउन; केन्द्र, प्रदेश तथा स्थानीयतहका सरकारहरूलाई योजना तर्जुमा र नीति निर्माण गर्न आधारभूत आर्थिक तथ्याङ्कहरू उपलब्ध गराउन; राष्ट्रिय लेखा प्रणालीको सुदृढीकरण गर्नु; तथ्याङ्कीय व्यावसायिक रजिष्टरको निर्माण; सम्बन्धित क्षेत्रका व्यवसायीहरू र प्राज्ञिक अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई क्रमशः व्यवसाय प्रवर्द्धनका लागि नीति तथा योजना तर्जुमा गर्न र अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरू उपलब्ध गराउनु यस आर्थिक गणनाका प्रमुख उद्देश्यहरू हुन् ।

"सबै आर्थिक क्रियाकलापहरूको अन्तर्राष्ट्रियस्तरीय औद्योगिक वर्गीकरण" मा उल्लेख भए अनुसारका नेपालमा सञ्चालित वा क्रियाशील कृषि, वन तथा माछापालन व्यवसाय (दर्ता भएकामात्र), खानी तथा उत्खनन; औद्योगिक उत्पादन; विद्युत, ग्यास, वाफ तथा वातानुकुलित आपूर्ति; पानी आपूर्ति, ढल, फोहर व्यवस्थापन तथा प्रशोधन क्रियाकलापहरू; निर्माण; थोक तथा खुद्रा व्यापार, मोटर गाडी, मोटरसाइकलको मर्मत; यातायात तथा गोदाम; आवास सुविधा तथा खाना व्यवस्थाका क्रियाकलापहरू; सूचना तथा सञ्चार; वित्तीय तथा वीमा सम्बन्धी क्रियाकलापहरू; घरजग्गा कारोबारका क्रियाकलापहरू; पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू; प्रशासनिक तथा सहयोगी क्रियाकलापहरू; शिक्षा; मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू; कला, मनोरञ्जन तथा मनोविनोद क्रियाकलापहरू; र अन्य सेवा क्रियाकलापहरू सञ्चालन गर्ने प्रतिष्ठानहरूलाइ यस गणनामा समेटिएको थियो । यस गणनामा माथि उल्लेखित क्रियाकलापहरू सञ्चालन गर्ने प्रतिष्ठानहरूको ठेगाना, मूख्य क्रियाकलाप, रोजगार, पूँजी लगानी, ऋणमा पहुँच, रोजगारी, औसत बिक्री तथा आम्दानी, औसत मासिक खर्च, तलब ज्याला खर्च आदि सम्वन्धी बिवरण संकलन गरिएको थियो ।

नेपालको तथ्याङ्कीय इतिहासमा प्रथमपटक यस गणनामा कागजी प्रश्नावली फारामका अलावा अनलाइन सर्वेक्षण (e-census)मार्फत उत्तरदाताले आफ्नो प्रतिष्ठानको विवरण आफै भर्न सक्ने र गणकमार्फत ट्याव्लेट कम्प्युटर प्रयोग गरी गणना गर्न सकिने विधि अपनाइएको थियो ।

## मिति २०७५ भाद्र २८ गते राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा प्रकाशन

राष्ट्रिय आर्थिक गणना २०७५ को स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न भई भरिएका फारामहरू केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्गतका तथ्याङ्क कार्यालयहरूमा प्राप्त भई प्रशोधनको कार्यहरू सञ्चालन भइरहेका छन् । आर्थिक गणनाको स्थलगत तथ्याङ्क संकलन कार्यका लागि जिल्ला व्यवस्थापन समुहका कर्मचारीहरू, सुपरिवेक्षक र गणकहरू सहित करिब ४५०० गणना कर्मचारीहरू संलग्न रहेका थिए । राष्ट्रिय आर्थिक गणना २०७५ अन्तर्गत प्रतिष्ठानहरूबाट विवरण संकलन गर्ने कार्य भइरहँदा प्रत्येक गणकले भरेका फारामहरूको आधारमा "कन्ट्रोल फाराम" भर्नुपर्ने व्यवस्था गरिएको थियो । कन्ट्रोल फारामहरूमा भरिएका तथ्याङ्कका आधारमा मिति २०७५ भाद्र २८ गते राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजा तयार गरी प्रकाशन गरिएको छ । प्रत्येक गणकले भर्ने कन्ट्रोल फारामहरूमा जिल्ला, नगर/गाउँपालिका, वडा नं, प्रतिष्ठान सङ्ख्या, प्रतिष्ठानमा संलग्न जनशक्तिको जम्मा संख्या, पुरूष, महिलाको सारांश तथ्याङ्क उल्लेख गरिएको थियो । राष्ट्रिय आर्थिक गणना २०७५ को यस प्रारम्भिक नतिजाका अंकहरू आर्थिक गणनाको मुख्य प्रशोधन कार्य (फाराम बी) सम्पन्न भई अन्तिम नतिजा प्राप्त हुँदा सामान्य फरक पर्न सक्नेछन् ।

नेपाल सरकारको आफ्नै स्रोत साधन र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को प्राविधिक सहयोगमा राष्ट्रिय आर्थिक गणना २०७५ का कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ । आर्थिक गणनामा विवरण भरिएका मुख्य प्रश्नावली फारामहरूको प्रशोधन कार्य सम्पन्न भए पछि यसै आर्थिक वर्ष भित्र  राष्ट्रिय आर्थिक गणना २०७५ को विस्तृत विवरण सहितको अन्तिम नतिजा प्रकाशन गर्ने लक्ष्य रहेकोछ ।

## (क) नेपाल

प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार नेपालमा सञ्चालित प्रतिष्ठानहरूको संख्या ९,२२,४४५ पुगेको देखिन्छ । यस्तै ती प्रतिष्ठानहरूमा सक्रियरूपमा संलग्न जनशक्ति संख्या ३,४०८,७४६ रहेका छन् जसमध्ये पुरुष जनशक्ति २,०४४,९८९ र १,३६३,७५७ रहेको देखिन्छ । यी तथ्याङ्कका आधारमा अन्य केही प्रमुख सूचकहरू यस प्रकार रहेका छन् :

| | |
|---|---|
| प्रतिष्ठानमा संलग्न जनशक्तिको लिङ्ग अनुपात (प्रति १०० महिलामा पुरुषको संख्या) | १५० |
| प्रतिष्ठान घनत्व (प्रति वर्ग किलोमिटर) | ६.३ |
| प्रति १००० जनसंख्यामा प्रतिष्ठान संख्या | ३१.६ |
| प्रति प्रतिष्ठान जनसंख्या | ३१.७ |
| प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या | ३.७ |

## (ख) प्रदेश अनुसार प्रारम्भिक नतिजाका मुख्य तथ्याङ्कहरू

| सूचक | उच्चतम | न्यूनतम |
|---|---|---|
| प्रतिष्ठान संख्या | २८२,०५६ (प्रदेश नं. ३) | ४२,८१७ (कर्णाली) |
| प्रतिष्ठानमा संलग्न जम्मा जनशक्ति | १,१९०,७२१ (प्रदेश नं.३) | १३२,४२५ (कर्णाली) |
| प्रतिष्ठानमा संलग्न जनशक्तिको लिङ्ग अनुपात ( प्रति १०० महिलामा पुरुषको संख्या) | २२६ (प्रदेश नं.२) | ११९ (गण्डकी) |
| प्रतिष्ठान घनत्व (प्रति वर्ग किलोमिटर) | १३.९ (प्रदेश नं. ३) | १.४ (कर्णाली) |
| प्रति १००० जनसंख्यामा प्रतिष्ठान संख्या | ४५.३ (प्रदेश नं. ३) | १९.४ (प्रदेश नं. २) |
| प्रति प्रतिष्ठान जनसंख्या | ५१.६ (प्रदेश नं. २) | २२.१ (प्रदेश नं. ३) |
| प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या | ४.२ (प्रदेश नं. ३) | ३.१ (कर्णाली) |

## (ग) जिल्ला अनुसार प्रारम्भिक नतिजाका मुख्य तथ्याङ्कहरू

| सूचक | उच्चतम | न्यूनतम |
|---|---|---|
| प्रतिष्ठान संख्या | १२३,९९४ (काठमाण्डौ) | ४८७ ( मनाङ ) |
| प्रतिष्ठानमा संलग्न जम्मा जनशक्ति | ५७५,००३ (काठमाण्डौ) | २३७५ ( मनाङ ) |
| प्रतिष्ठानमा संलग्न जनशक्तिको लिङ्ग अनुपात ( प्रति १०० महिलामा पुरुषको संख्या) | ३०१.९ (बारा) | ९०.२ (मुगु) |
| प्रतिष्ठान घनत्व (प्रति वर्ग किलोमिटर) | ३१३.९ (काठमाण्डौ) | ०.११ (डोल्पा) |
| प्रति १००० जनसंख्यामा प्रतिष्ठान संख्या | ७६.२ (मनाङ) | १५.२ (अछाम) |
| प्रति प्रतिष्ठान जनसंख्या | ६५.७ (अछाम) | १३.१ ( मनाङ) |
| प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या | ५.२ (ललितपुर) | २.३ (अर्घाखाँची) |

## (घ) प्रदेश र जिल्लानुसार प्रारम्भिक नतिजाका तथ्याङ्कहरू

| प्रदेश कोड | जिल्ला कोड | प्रदेश / जिल्लाको नाम | प्रतिष्ठान संख्या | प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या | | | लिंग अनुपात(%) | प्रतिष्ठान घनत्व | प्रति एक हजार जनसंख्यामा प्रतिष्ठान संख्या | प्रति प्रतिष्ठान जनसंख्या | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | प्रति एक सय जना महिलामा पुरुष संख्या) | प्रति वर्ग किलोमिटर प्रतिष्ठान संख्या | | | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | नेपाल | ९२२,४४५ | ३,४०८,७४६ | २,०४४,९८९ | १,३६३,७५७ | १५०.० | ६.३ | ३१.६ | ३१.७ | ३.७ |
| | | प्रदेश नं. १ | १६८,४३४ | ५८०,००० | ३३४,१९० | २४५,८१० | १३६.० | ६.५ | ३४.७ | २८.८ | ३.४ |
| | | प्रदेश नं. २ | ११७,५८८ | ४२४,२६७ | २९४,३६३ | १२९,९०४ | २२६.६ | १२.२ | १९.४ | ५१.६ | ३.६ |
| | | प्रदेश नं. ३ | २८२,०५६ | १,१९०,७२१ | ६९७,०७७ | ४९३,६४४ | १४१.२ | १३.९ | ४५.३ | २२.१ | ४.२ |
| | | गण्डकी | १००,६८८ | ३४१,८१८ | १८६,०८४ | १५५,७३४ | ११९.५ | ४.६ | ४०.३ | २४.८ | ३.४ |
| | | प्रदेश नं. ५ | १४७,८९२ | ५२७,९६० | ३२५,९१७ | २०२,०४३ | १६१.३ | ७.५ | २९.८ | ३३.६ | ३.६ |
| | | कर्णाली | ४२,८१७ | १३२,४२५ | ७६,५४९ | ५५,८७६ | १३७.० | १.४ | २४.४ | ४१.० | ३.१ |

| प्रदेश कोड | जिल्ला कोड | प्रदेश / जिल्लाको नाम | प्रतिष्ठान संख्या | प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या | | | लिंग अनुपात(%) (प्रति एक सय जना महिलामा पुरूष संख्या) | प्रतिष्ठान घनत्व (प्रति वर्ग किलोमिटर प्रतिष्ठान संख्या) | प्रति एक हजार जनसंख्यामा प्रतिष्ठान संख्या | प्रति प्रतिष्ठान जनसंख्या | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरूष | महिला | | | | | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | प्रदेश नं. ७ | ६२,९७० | २११,५५५ | १३०,८०९ | ८०,७४६ | १६२.० | ३.२ | २२.१ | ४५.२ | ३.४ |
| १ | ०१ | ताप्लेजुङ | ४,६५३ | १३,२२५ | ७,३३७ | ५,८८८ | १२४.६ | १.३ | ३५.७ | २८.० | २.८ |
| १ | ०२ | संखुवासभा | ६,०३७ | १८,९१३ | ९,९९६ | ८,९१७ | ११२.१ | १.७ | ३८.५ | २६.० | ३.१ |
| १ | ०३ | सोलुखुम्बु | ३,५०६ | १०,०७३ | ५,१७५ | ४,८९८ | १०५.७ | १.१ | ३३.९ | २९.५ | २.९ |
| १ | ०४ | ओखलढुंगा | ४,३५० | १४,२०१ | ७,४०६ | ६,७९५ | १०९.० | ४.१ | २८.८ | ३४.७ | ३.३ |
| १ | ०५ | खोटाङ | ४,३०७ | १६,२७९ | ९,०१० | ७,२६९ | १२४.० | २.७ | २३.७ | ४२.२ | ३.८ |
| १ | ०६ | भोजपुर | ४,०७४ | १०,६६० | ५,९७४ | ४,६८६ | १२७.५ | २.७ | २५.१ | ३९.८ | २.६ |
| १ | ०७ | धनकुटा | ६,००९ | १६,४८८ | ८,७५२ | ७,७३६ | ११३.१ | ६.७ | ३५.४ | २८.३ | २.७ |
| १ | ०८ | तेह्रथुम | ३,४१० | १०,५६९ | ५,५३६ | ५,०३३ | ११०.० | ५.० | ३३.७ | २९.७ | ३.१ |
| १ | ०९ | पाँचथर | ५,४४१ | १३,५६१ | ७,६९६ | ५,८६५ | १३१.२ | ४.४ | २७.७ | ३६.१ | २.५ |
| १ | १० | इलाम | ९,६६७ | २८,४३६ | १५,६९२ | १२,७४४ | १२३.१ | ५.७ | ३१.४ | ३१.८ | २.९ |
| १ | ११ | झापा | ३८,७४१ | १२९,१८० | ७४,०४३ | ५५,१३७ | १३४.३ | २४.१ | ४३.० | २३.३ | ३.३ |
| १ | १२ | मोरङ | ३५,२३७ | १४३,३८६ | ८८,९६१ | ५४,४२५ | १६३.५ | १९.० | ३३.१ | ३०.३ | ४.१ |
| १ | १३ | सुनसरी | ३१,४८६ | १२६,४८१ | ७२,७४१ | ५३,७४० | १३५.४ | २५.० | ३५.८ | २७.९ | ४.० |
| १ | १४ | उदयपुर | ११,५१६ | २८,५४८ | १५,८७१ | १२,६७७ | १२५.२ | ५.६ | ३३.१ | ३०.२ | २.५ |
| २ | ०१ | सप्तरी | १६,२९२ | ४४,३४१ | २८,११२ | १६,२२९ | १७३.२ | १२.० | २३.४ | ४२.७ | २.७ |
| २ | ०२ | सिराहा | १३,१६३ | ४३,९०२ | २८,९८९ | १४,९१३ | १९४.४ | ११.१ | १९.१ | ५२.४ | ३.३ |
| २ | ०३ | धनुषा | १७,७५१ | ७५,५६६ | ५३,०६३ | २२,५०३ | २३५.८ | १५.० | २१.६ | ४६.४ | ४.३ |
| २ | ०४ | महोत्तरी | १४,०९० | ३७,१५४ | २६,९५८ | १०,१९६ | २६४.४ | १४.१ | २०.४ | ४९.१ | २.६ |
| २ | ०५ | सर्लाही | १५,३२४ | ६९,९०९ | ४२,८४१ | २७,०६८ | १५८.३ | १२.२ | १७.७ | ५६.६ | ४.६ |
| २ | ०६ | रौतहट | १२,७९६ | ४२,१९६ | ३१,६५९ | १०,५३७ | ३००.५ | ११.४ | १५.८ | ६३.२ | ३.३ |
| २ | ०७ | बारा | १२,४५५ | ५१,९५० | ३९,०२३ | १२,९२७ | ३०१.९ | १०.५ | १५.६ | ६४.० | ४.२ |
| २ | ०८ | पर्सा | १५,७१७ | ५९,२४९ | ४३,७१८ | १५,५३१ | २८१.५ | ११.६ | २२.८ | ४३.९ | ३.८ |
| ३ | ०१ | दोलखा | ६,७६६ | २४,९३६ | १२,७९७ | १२,१३९ | १०५.४ | ३.१ | ३६.१ | २७.७ | ३.७ |
| ३ | ०२ | सिन्धुपाल्चोक | ९,१०५ | २६,१७८ | १३,३४० | १२,८३८ | १०३.९ | ३.६ | ३१.० | ३२.३ | २.९ |
| ३ | ०३ | रसुवा | १,३७५ | ४,८५१ | २,७८२ | २,०६९ | १३४.५ | ०.९ | ३०.७ | ३२.६ | ३.५ |
| ३ | ०४ | धादिङ | १२,०५२ | ३४,८९५ | १७,९५८ | १६,९३७ | १०६.० | ६.३ | ३४.३ | २९.१ | २.९ |
| ३ | ०५ | नुवाकोट | ८,८६८ | ३१,७५५ | १८,४९५ | १३,२६० | १३९.५ | ७.९ | ३१.० | ३२.२ | ३.६ |
| ३ | ०६ | काठमाण्डौ | १२३,९९४ | ५७५,००३ | ३४५,०६५ | २२९,९३८ | १५०.१ | ३१३.९ | ५८.३ | १७.१ | ४.६ |
| ३ | ०७ | भक्तपुर | १९,६२९ | ८१,६९५ | ४७,१७९ | ३४,५१६ | १३६.७ | १६४.९ | ५५.३ | १८.१ | ४.२ |
| ३ | ०८ | ललितपुर | २७,००९ | १३९,६८६ | ८२,०४९ | ५७,६३७ | १४२.४ | ७०.२ | ४९.२ | २०.३ | ५.२ |
| ३ | ०९ | काभ्रेपालाञ्चोक | १४,३०३ | ५२,९२४ | ३१,१०७ | २१,८१७ | १४२.६ | १०.२ | ३५.९ | २७.९ | ३.७ |
| ३ | १० | रामेछाप | ५,६०९ | १६,६०६ | ८,७६१ | ७,८४५ | १११.७ | ३.६ | २७.० | ३७.१ | ३.० |
| ३ | ११ | सिन्धुली | ८,००० | ३५,५५१ | १९,९४२ | १५,६०९ | १२७.८ | ३.२ | २५.९ | ३८.५ | ४.४ |
| ३ | १२ | मकवानपुर | १६,०७८ | ४८,६९७ | २९,४२४ | १९,२७३ | १५२.७ | ६.६ | ३५.५ | २८.२ | ३.० |
| ३ | १३ | चितवन | २९,२६८ | ११७,९४४ | ६८,१७८ | ४९,७६६ | १३७.० | १३.२ | ४३.६ | २२.९ | ४.० |
| ४ | ०१ | गोरखा | १०,९८० | ३१,६४४ | १६,९१३ | १४,७३१ | ११४.८ | ३.० | ४३.४ | २३.० | २.९ |
| ४ | ०२ | मनाङ | ४८७ | २,३७५ | १,२७३ | १,१०२ | ११५.५ | ०.२ | ७६.२ | १३.१ | ४.९ |
| ४ | ०३ | मुस्ताङ | ७७५ | ३,१०५ | १,७७५ | १,३३० | १३३.५ | ०.२ | ६४.७ | १५.५ | ४.० |
| ४ | ०४ | म्याग्दी | ५,०६५ | १६,३९७ | ८,३२१ | ८,०७६ | १०३.० | २.२ | ४५.३ | २२.१ | ३.२ |

| प्रदेश कोड | जिल्ला कोड | प्रदेश / जिल्लाको नाम | प्रतिष्ठान संख्या | प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या | | | लिंग अनुपात(%) | प्रतिष्ठान घनत्व | प्रति एक हजार जनसंख्यामा प्रतिष्ठान संख्या | प्रति प्रतिष्ठान जनसंख्या | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरूष | महिला | प्रति एक सय जना महिलामा पुरूष संख्या) | प्रति वर्ग किलोमिटर प्रतिष्ठान संख्या | | | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| ४ | ०५ | कास्की | ३०,७४६ | १११,९९९ | ६५,५५० | ४६,४४९ | १४१.१ | १५.२ | ५४.४ | १८.४ | ३.६ |
| ४ | ०६ | लमजुङ | ६,४१५ | २९,४१० | १५,३१० | १४,१०० | १०८.६ | ३.८ | ३७.४ | २६.७ | ४.६ |
| ४ | ०७ | तनहुँ | १२,४४२ | ३६,०८५ | १९,१८२ | १६,९०३ | ११३.५ | ८.० | ३६.४ | २७.५ | २.९ |
| ४ | ०८ | नवलपरासी (वर्दघाट सुस्तापूर्व) | १२,७८२ | ४१,६८२ | २१,५०५ | २०,१७७ | १०६.६ | ८.९ | ३७.२ | २६.९ | ३.३ |
| ४ | ०९ | स्याङ्जा | ७,४१२ | २३,४७४ | १२,६५५ | १०,८१९ | ११७.० | ६.४ | २८.४ | ३५.२ | ३.२ |
| ४ | १० | पर्वत | ४,७३५ | १३,८१२ | ७,४८० | ६,३३२ | ११८.१ | ९.६ | ३१.९ | ३१.३ | २.९ |
| ४ | ११ | बाग्लुङ | ८,८४९ | ३१,८३५ | १६,१२० | १५,७१५ | १०२.६ | ५.० | ३१.५ | ३१.७ | ३.६ |
| ५ | ०१ | रुकुम (पूर्वी भाग) | १,०२० | २,७५३ | १,५१६ | १,२३७ | १२२.६ | ०.६ | १७.८ | ५६.२ | २.७ |
| ५ | ०२ | रोल्पा | ५,०९६ | १५,६५१ | ८,५१८ | ७,१३३ | ११९.४ | २.७ | २१.७ | ४६.२ | ३.१ |
| ५ | ०३ | प्युठान | ५,६३२ | २२,३३६ | १२,१६८ | १०,१६८ | ११९.७ | ४.३ | २३.५ | ४२.६ | ४.० |
| ५ | ०४ | गुल्मी | ९,५४७ | ३६,१७३ | १७,८२६ | १८,३४७ | ९७.२ | ८.३ | ३६.४ | २७.५ | ३.८ |
| ५ | ०५ | अर्घाखाँची | ६,६१९ | १५,३२४ | ९,१५२ | ६,१७२ | १४८.३ | ५.५ | ३२.८ | ३०.५ | २.३ |
| ५ | ०६ | पाल्पा | ८,७०१ | २६,३८५ | १४,२०८ | १२,१७७ | ११६.७ | ६.३ | ३४.५ | २९.० | ३.० |
| ५ | ०७ | नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) | ११,२२६ | ४८,५४८ | २९,७६३ | १८,७८५ | १५८.४ | १५.४ | ३०.७ | ३२.६ | ४.३ |
| ५ | ०८ | रुपन्देही | ३८,४१५ | १६३,०४५ | १०५,९१२ | ५७,१३३ | १८५.४ | २८.२ | ३७.४ | २६.७ | ४.२ |
| ५ | ०९ | कपिलवस्तु | १३,६०७ | ४१,४२८ | ३०,१८५ | ११,२४३ | २६८.५ | ७.८ | २१.० | ४७.६ | ३.० |
| ५ | १० | दाङ | १४,४१५ | ५१,२०५ | २८,४०२ | २२,८०३ | १२४.६ | ४.९ | २३.० | ४३.६ | ३.६ |
| ५ | ११ | बाँके | १८,६९८ | ६४,२२३ | ४३,७०१ | २०,५२२ | २१२.९ | ८.० | ३२.२ | ३१.१ | ३.४ |
| ५ | १२ | बर्दिया | १४,९१६ | ४०,८८९ | २४,५६६ | १६,३२३ | १५०.५ | ७.४ | ३१.८ | ३१.४ | २.७ |
| ६ | ०१ | डोल्पा | ८६१ | ३,१०९ | १,८३८ | १,२७१ | १४४.६ | ०.१ | २०.९ | ४७.८ | ३.६ |
| ६ | ०२ | मुगु | १,७८३ | ७,४७१ | ३,५४३ | ३,९२८ | ९०.२ | ०.५ | २८.७ | ३४.८ | ४.२ |
| ६ | ०३ | हुम्ला | २,०१५ | ५,७०७ | ३,७०९ | १,९९८ | १८५.६ | ०.४ | ३५.३ | २८.३ | २.८ |
| ६ | ०४ | जुम्ला | ३,०७८ | ८,४८१ | ५,२१२ | ३,२६९ | १५९.४ | १.२ | २५.३ | ३९.५ | २.८ |
| ६ | ०५ | कालिकोट | ३,५३५ | ११,८५९ | ७,१६९ | ४,६९० | १५२.९ | २.० | २२.९ | ४३.७ | ३.४ |
| ६ | ०६ | दैलेख | ६,३१४ | १४,६७९ | ८,६३७ | ६,०४२ | १४२.९ | ४.२ | २१.८ | ४५.९ | २.३ |
| ६ | ०७ | जाजरकोट | ३,३०८ | १०,५७४ | ६,३५८ | ४,२१६ | १५०.८ | १.५ | १७.२ | ५८.२ | ३.२ |
| ६ | ०८ | रुकुम (पश्चिम भाग) | ४,००१ | १२,७३६ | ७,५३१ | ५,२०५ | १४४.७ | ३.३ | २३.९ | ४१.८ | ३.२ |
| ६ | ०९ | सल्यान | ६,०९८ | २१,३१३ | ११,८८३ | ९,४३० | १२६.० | ४.२ | २२.९ | ४३.६ | ३.५ |
| ६ | १० | सुर्खेत | ११,८२४ | ३६,४९६ | २०,६६९ | १५,८२७ | १३०.६ | ४.८ | २९.३ | ३४.१ | ३.१ |
| ७ | ०१ | बाजुरा | ३,९०१ | ११,१३३ | ६,४०८ | ४,७२५ | १३५.६ | १.८ | २५.८ | ३८.७ | २.९ |
| ७ | ०२ | बझाङ | ६,२१५ | १८,०९८ | १०,१७५ | ७,९२३ | १२८.४ | १.८ | २८.७ | ३४.८ | २.९ |
| ७ | ०३ | दार्चुला | ३,४१७ | १३,३१९ | ७,४९० | ५,८२९ | १२८.५ | १.५ | २४.० | ४१.६ | ३.९ |
| ७ | ०४ | बैतडी | ४,४०८ | १४,३१७ | ९,८५७ | ४,४६० | २२१.० | २.९ | १६.७ | ५९.८ | ३.२ |
| ७ | ०५ | डडेलधुरा | ४,०५८ | ११,८१९ | ८,०६० | ३,७५९ | २१४.४ | २.६ | २६.२ | ३८.२ | २.९ |
| ७ | ०६ | डोटी | ३,६६७ | ९,४४६ | ६,१०७ | ३,३३९ | १८२.९ | १.८ | १७.२ | ५८.३ | २.६ |
| ७ | ०७ | अछाम | ४,२८२ | १३,७५८ | ९,५१४ | ४,२४४ | २२४.२ | २.५ | १५.२ | ६५.७ | ३.२ |
| ७ | ०८ | कैलाली | २१,५२८ | ७१,२८७ | ४४,००७ | २७,२८० | १६१.३ | ६.७ | २३.६ | ४२.३ | ३.३ |
| ७ | ०९ | कञ्चनपुर | ११,४९४ | ४८,३७८ | २९,१९१ | १९,१८७ | १५२.१ | ७.१ | २२.४ | ४४.६ | ४.२ |

# व्यावसायिक चिया खेती सर्वेक्षण २०७५

## १. परिचय

नेपालमा चियाको उत्पादन तथा प्रयोग निकै अघिदेखि नै हुँदै आएको पाइन्छ। सवैभन्दा पहिला वि.सं. १९२० मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले चीन भ्रमणबाट फर्कंदा तत्कालीन चिनिया सम्राटबाट चियाको वीउ उपहारस्वरुप लिई नेपालमा भित्र्याएको इतिहास पाइन्छ। त्यसै समयमा, ब्रिटिस सरकारको इष्ट इन्डिया कम्पनीमार्फत दार्जिलिङको धेरै पहाडी भूभागहरूमा चिया खेती सुरु भैसकेको देखिन्छ। त्यसको केही समयपश्चात् पूर्वी पहाडमा इलाम टी इस्टेट स्थापना गर्दै नेपालको पहाडी भूभाग इलाम, पाँचथर, ताप्लेजुङ्ग र धनकुटामा चिया खेती सुरु भएको देखिन्छ। गजराज सिंह थापाले इलाममा चिया रोपेर चिया खेतीको सुरुवात गरेको इतिहास पनि रहेको छ। उक्त दशकमा दार्जिलिङ्गको चियाले विश्वबजारमा राम्रो स्थान पाइसकेको थियो भने नेपाली चियाको विकास सन्तोषजनक थिएन। यद्यपि झापाको बुधकरण चिया बगानजस्ता निजीस्तरका चिया बगान स्थापना भै मुलुकमा व्यावसायिक चिया खेती प्रवेश गरिसकेको थियो। लामो समयपश्चात् नेपाली चिया उत्पादन तथा प्रवर्द्धनको लागि सरकारीस्तरमा वि.सं.२०२३ असोज २३ गते नेपाल चिया विकास निगमको स्थापना भै चियाखेतीलाई व्यावसायिक बनाउन केही उल्लेख्य पहलहरू भएको पाइन्छ। यसैगरी वि.सं. २०३९ मा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालमा नेपाल सरकारले पूर्वाञ्चल विकास क्षेत्रका ५ जिल्ला (झापा, धनकुटा, तेह्रथुम, पाँचथर र इलाम) लाई चिया क्षेत्र घोषणा गरी चियाखेतीको समग्र विकासलाई महत्व दिएको पाइन्छ। तत्पश्चात् व्यावसायिक तथा गुणस्तरीय चिया उत्पादन गरी विभिन्न देशहरूमा निर्यात गर्दै यस क्षेत्रले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याँउदै आएको छ। मूलत: सी.टी.सी, अर्थोडक्स र ग्रिन टी नेपालका मुख्य उत्पादित चियाहरू हुन। यस क्षेत्रमा नीति निर्माण गर्दै प्राविधिक एवं व्यवस्थापकीय सहयोग गर्ने उद्देश्यका साथ अझ बढी व्यापक र व्यावसायिक बनाउन वि.सं. २०५० जेष्ठ २० गते राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ मार्फत् राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना भएको पाइन्छ।

चिया खेतीको विस्तारसँगै यससम्बन्धी तथ्याङ्कको महत्व पनि दिनानुदिन बढ्दै गएको छ। तसर्थ, चिया सम्बन्धी सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग र राष्ट्रिय चिया तथा कफी विकास बोर्डको सहकार्यमा नेपाल भर व्यावसायिकरूपमा चिया खेती गर्ने कृषक/व्यवसायीहरूको आर्थिक वर्ष २०७४/७५ मा व्यावसायिक चिया खेती सर्वेक्षण गरी नतिजा प्रकासन हुन गैरहेको छ। सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरू यस व्यवसायको विकासका लागि आवश्यक नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्यांकन गर्न उपयोगी हुनाका साथै अनुसन्धानकर्ता, व्यवसायी, आयात निर्यातकर्ता, विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने अन्य सबै सरोकारवाला व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास लिइएको छ।

## २. उद्देश्य

क) नेपालमा व्यावसायिक चिया खेती गर्ने व्यावसायीहरूको संख्या एकिन गर्ने।

ख) चिया खेतीको अवस्थिति, क्षेत्रफल, हरियो पत्ती उत्पादन परिमाण तथा मूल्य बारेमा तथ्याङ्कीय सूचना उपलब्ध गराउने।

ग) चियाको प्रकार सहित उत्पादन परिमाण तथा मूल्य बारेमा सूचना उपलब्ध गराउने।

घ) यस क्षेत्रमा रोजगारीको स्थितिको बारेमा तथ्याङ्कीय सूचना उपलब्ध गराउने।

ङ) राष्ट्रिय अर्थतन्त्रमा चिया खेतीले पुर्‍याएको योगदानको अनुमानका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने

च) यस क्षेत्रमा संलग्न व्यवसायीहरूको ऋणको पहुँच, तालिम तथा व्यवसायीहरूको सरकारसँगको अपेक्षा आदि विविध सूचना उपलब्ध गराउने।

छ) तथ्यमा आधारित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद्, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई चिया खेतीसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने।

## ३. परिभाषा तथा सर्वेक्षण विधि

### ३.१ व्यावसायिक चिया खेतीको परिभाषा

व्यावसायिक चिया खेती सर्वेक्षण २०७५ प्रयोजनको लागि व्यावसायिक चिया खेती भन्नाले अर्थोपार्जनका उद्देश्यले पहाडी तथा हिमाली जिल्लामा कम्तीमा १ रोपनी र तराईका जिल्लामा कम्तिमा १ कट्ठा १० धुर क्षेत्रफलमा हरियो चिया पत्ती उत्पादन गरी बिक्री वितरण गर्ने कार्यलाई जनाउँदछ।

### ३.२ अध्ययनको दायरा तथा क्षेत्र

यस सर्वेक्षणमा नेपालभित्र व्यावसायिक चिया खेती गर्ने व्यावसायीहरूको जम्मा संख्या, चिया खेती गरिएको क्षेत्रफल तथा उत्पादन, बिक्री मूल्य, रोजगारी आदि समेटिएको छ।

### ३.३. सर्वेक्षण विधि

व्यावसायिक चिया खेती सर्वेक्षण छनौट विधिबाट गरिएको छ। पहिलो चरणमा, प्रत्येक जिल्लामा रहेका व्यावसायिक चिया

खेती व्यवसायी/कृषक परिवारको नामनामेसी साथै तिनले गरेको चिया खेतीको क्षेत्रफल तथा उत्पादनसम्बन्धी विवरण संकलन गरी जिल्ला अनुसारको सूची तयार पारिएको थियो । दोस्रो चरणमा, त्यसै सूचीबाट वैज्ञानिक छनौट विधि प्रयोग गरि जिल्ला अनुसार आवश्यक संख्यामा व्यवसायी/कृषक छानी, छानिएका व्यवसायी/कृषकहरूसँग प्रत्यक्ष अन्तरवार्ताको माध्यमबाट प्रश्नावली भरी विस्तृत विवरण संकलन गरिएको थियो ।

## ३.४ सन्दर्भ अवधि

व्यावसायिक चिया खेती सर्वेक्षण २०७५ को लागि सन्दर्भ वर्ष भन्नाले मिति २०७४ वैशाख १ देखि २०७४ चैत्र मसान्त सम्म वा गत सिजनलाई मानिएको छ ।

## संक्षिप्त नतिजा

- देशका ७७ जिल्लाहरू मध्ये १४ जिल्लामा मात्र व्यावसायिकरुपले चिया खेती गरेको पाईएको छ ।
- ती १४ जिल्लामा ९ हजार २ सय ३६ कृषक/ व्यवसायीहरूले व्यावसायिक चिया खेती गरेको देखिन्छ । जसमध्ये ९ हजार १ सय २७ (९८.८%) ले व्यक्तिगतरूपमा र १०८ (१.२%) ले संस्थागतरूपमा चिया खेती गरेको देखिन्छ ।
- जिल्लाअनुसार व्यावसायिकरुपले चिया खेती गर्ने व्यावसायीहरूको संख्या निम्नानुसार रहेको छ ।

| जिल्ला | संख्या | | जम्मा | क्षेत्रफल (हे.) | हरियो पत्ति उत्पादन (मे.टन) | बोट संख्या | |
|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत (साना किसान) | संस्थागत (ठूला बगान) | | | | हरियो पत्ती उत्पादन हुने | हरियो पत्ती उत्पादन नहुने |
| ताप्लेजुङ्ग | १७ | १ | १८ | २८.३१ | १६ | ६९२५० | १४३५०० |
| संखुवासभा | ११२ | २ | ११४ | ८०.६१ | ५८ | ३१३५५० | ५५८१८० |
| भोजपुर | २२ | १ | २३ | ९६.६६ | २ | १९९०० | १२१९३०० |
| धनकुटा | ३१२ | ६ | ३१८ | १५९.६९ | ३०९ | २६६७४८४ | १४०० |
| तेह्रथुम | ३१६ | १ | ३१७ | ११६.७४ | १५१ | १२३९७८२ | ३८६५८ |
| पाँचथर | ७६७ | ४ | ७७२ | ६७४.५० | ७६५ | ६६८२०५३ | ५५६००० |
| ईलाम | ५५८२ | १६ | ५५९८ | ३३९३.१७ | १५९७१ | ४०५८१३१८ | १२९३१५३ |
| झापा | १५३२ | ६९ | १६०१ | ७१९५.१५ | ८२५१७ | ६३५४८५७४ | ७२०००० |
| मोरङ्ग | ३५ | ० | ३५ | २५.०० | १५ | १२६१५० | १८५३०० |
| दोलखा | ३० | २ | ३१ | ४२.५१ | ६ | ३२१३२० | ११३१७० |
| सिन्धुपाल्चोक | ० | १ | १ | ७६.४६ | ० | ० | १०८५१६० |
| नुवाकोट | २२६ | २ | २२८ | ८१.५५ | २२० | ६९०८५१ | ३१४८८५ |
| ललितपुर | ११६ | ० | ११६ | ३८.९७ | ४४ | ३६१६५६ | १६३१९० |
| रामेछाप | ६० | ३ | ६३ | ५७.२० | ७ | १२९२४० | ३३१७०० |
| जम्मा | ९१२७ | १०८ | ९२३६ | १२०६७ | १०००८० | ११६७५११२८ | ६७२३५९६ |

- सन्दर्भ अवधिमा यी ९२३६ कृषक/व्यावसायीहरूले १२०६६.५ हेक्टरमा चिया खेती गरेको देखिन्छ । त्यसमध्ये सबैभन्दा धेरै झापा जिल्लामा ७१९५.१५ हेक्टरमा र सबैभन्दा कम मोरङ्गमा २५ हेक्टरमा चिया खेती गरेको पाइएको छ ।
- सर्वेक्षणले यी कृषक/व्यावसायीहरूले १० करोड ८० हजार के.जी. हरियो चियाको पत्ती उत्पादन गरेको देखाएको छ । त्यसमध्ये सबैभन्दा धेरै झापा जिल्लामा ८ करोड २५ लाख १७ हजार के.जी. र सबैभन्दा कम भोजपुरमा १ हजार ८ सय के.जी. उत्पादन भएको देखिन्छ ।
- व्यावसायिक चिया खेती गर्ने कृषक/व्यावसायीहरूमध्ये ७६०१ (८२.३%) ले १ हेक्टरभन्दा कममा चिया खेती गरेको देखिन्छ । त्यस्तै, १५२८ (१६.५%) ले १ हेक्टरभन्दा बढी तर १० हेक्टरभन्दा कममा, ३४ (०.४% ) ले १० हेक्टरभन्दा बढी तर २० हेक्टरभन्दा कममा र ७३ (०.८%) ले २० हेक्टरभन्दा बढी क्षेत्रफलमा चिया खेती गरेको पाईएको छ ।
- व्यावसायिक चिया खेती गर्ने कृषक/व्यावसायीहरूले जम्मा जम्मी ११ हजार ४१ वटा वगानहरूमा चिया खेती गरेको देखिन्छ भने सबैभन्दा बढी बगान इलाममा ६९९५ र सबैभन्दा कम सिन्धुपाल्चोकमा ८ वटा रहेको देखिएको छ ।
- चिया खेती गर्ने कृषक/ व्यावसायीहरूमध्ये ५९% कृषक/व्यावसायीहरूले परम्परागत (Conventional) रूपमा ८८३८ हेक्टरमा चिया खेती गरेको देखिन्छ । त्यस्तै,

३०% कृषक/व्यावसायीहरूले प्राङ्गारिक उन्मुख (Conversion) रूपमा २१२९ हेक्टरमा र ११% ले ११०० हेक्टरमा प्राङ्गारिक (Organic) चिया खेती गरेको देखिएको छ ।

- व्यावसायिक चिया खेती गर्ने कृषक/व्यावसायीहरूले हरियो पत्ति विक्रीबाट १ अरव ७६ करोड ६३ लाख ८२ हजार प्राप्त गरेको देखिन्छ ।
- व्यावसायिक चिया खेती सर्वेक्षणबाट यस व्यवसायमा संलग्न संचालक/परिवारको सदस्यहरू जम्मा १८ हजार १ सय ८० जना देखिन्छ जसमध्ये पुरुष ९ हजार ३ सय ७४ र महिला ८ हजार ८ सय ७ जना रहेको देखिन्छ ।
- व्यावसायिक चिया खेती सर्वेक्षणबाट तलव ज्याला लिने (स्थायी कामदार) जम्मा ३ हजार २ सय ४४ जना रहेकोमा पुरुष १ हजार ९ सय १७ र महिला १ हजार ३ सय २७ जना रहेको देखिन्छ ।
- व्यावसायिक चिया खेती सर्वेक्षणबाट अस्थायी कामदार (व्यक्ति दिन) जम्मा ३० लाख ९५ हजार २ सय ८४ व्यक्ति दिन रहेकोमा ७ लाख ८६ हजार १ सय २० व्यक्ति दिन पुरुष कामदार र २३ लाख ९ हजार १ सय ६४ व्यक्ति दिन महिला कामदार रहेको देखिन्छ ।
- सर्वेक्षणले चिया खेती गर्ने व्यावसायीहरूमध्ये ८५.५% मा प्रमुख सञ्चालक पुरुष र १४.५ (०.८%) मा महिला प्रमुख सञ्चालक रहेको देखाएको छ ।
- चिया खेती गर्ने कृषक/व्यावसायीहरूमध्ये जम्मा ४.५% ले मात्र आफ्नो चिया खेती व्यवसाय दर्ता गरी संचालनमा गरेको देखिन्छ ।
- सर्वेक्षणबाट चिया खेती गर्ने कृषक/व्यावसायीहरूमध्ये जम्मा ५% व्यवसायीहरूले मात्र चिया खेती व्यवसायका लागि ऋण लिएको पाईएको छ ।
- व्यावसायिक चिया खेती गर्नु अघि ७८.९% प्रमुख सञ्चालकले आफ्नो पेशा कृषि (चिया खेती बाहेक) रहेको बताएका छन् भने , ६% ले व्यापार, ५.३% ले विद्यार्थी, ५% ले नोकरी, २.६% ले वैदेशिक रोजगारी, ०.३ % ले उद्योग तथा १.७% ले अन्य पेशा रहेको बताएका छन् ।
- व्यावसायिक चिया खेती गर्ने कृषक/व्यावसायीहरूमध्ये ५३.५% सञ्चालकहरूले मुख्य आयको श्रोत चिया खेती नै रहेको बताएको देखिन्छ ।
- सर्वेक्षणमा व्यावसायिक चिया खेती गर्ने ३८.४% सञ्चालकहरूले मात्र आफूलाई जलवायु परिवर्तनको बारेमा थाहा भएको बताएको देखिन्छ ।
- व्यावसायिक चिया खेती गर्ने सञ्चालकहरूमध्ये २० वर्ष देखि ४० वर्ष उमेर समूहका २९.५%, ४० वर्ष देखि ६० वर्ष उमेर समूहका ५२.७ %, ६० वर्ष देखि ८० वर्ष उमेर समूहका १६.६% र १.२ % सो भन्दा माथिको उमेर समूहका रहेको देखिन्छ ।
- सर्वेक्षणले चिया खेती वि.स. १९२२ बाट सुरु भइ वि.स. २०५० देखि वि.स. २०६० को दशकमा सबैभन्दा बढी ५४.६ % कृषक/व्यावसायी चिया खेतीमा लागेको देखाएको छ ।
- व्यावसायिक चिया खेती गर्ने सञ्चालकहरूमध्ये अधिकांश ९५% व्यावसायीहरूले आफ्नै जग्गामा चिया खेती गरेको देखिन्छ ।
- व्यावसायिक चिया खेती गर्ने सञ्चालकलाई तपाई आफ्नो व्यवसायप्रति सन्तुष्टको हुनुहुन्छ भन्ने प्रश्नमा ६४% व्यवसायीहरूले ठिकै भनेको सर्वेक्षणले देखाएको छ । त्यस्तै, सरकारी प्राविधिकको उपलब्धतामा १९% ले, चिया तथा कफी बोर्डको सेवामा ४५% ले दक्ष कामदारको उपलब्धतामा ६३.८% ले, चियाको मूल्यमा ४०.६% ले, बजारको उपलब्धतामा ५१.९% ठिकै भनेको देखिन्छ ।
- व्यावसायीलाई आगामी वर्षमा चिया खेतीको लागि के योजना छ भनी सोधिएकोमा ३२% ले विस्तार गर्ने, ६४.४% ले यथास्थितिमा राख्ने, २.५% कम गर्दै जाने र ०.८% ले बन्द गर्ने योजना रहेको विचार व्यक्त गरेको देखिन्छ ।
- सर्वेक्षणमा चिया खेती गर्ने कृषक/व्यवसायीहरूलाई चिया खेती प्रवर्द्धनका लागि सरकारले गर्नुपर्ने प्रमुख कार्यहरू के के हुन सक्छन् भनी सोधिएकोमा प्राप्त १० प्रमुख सुझावहरू यस प्रकार रहेका छन् ।
    - ☞ हरियो पत्तीको उचित मूल्य निर्धारण गर्नुपर्ने
    - ☞ हरियो पत्ती बिक्रीको लागि उचित बजारको व्यवस्था गर्नुपर्ने
    - ☞ विरुवा, मलखाद, मेसिनरी औजार आदिमा सरकारी अनुदानको व्यवस्था गर्नुपर्ने
    - ☞ स्थानीयस्तरमा नयाँ प्रविधि तथा गुणस्तरीय प्राविधिक सेवाको सहज उपलब्धता हुनपर्ने
    - ☞ चिया खेती व्यवसाय प्रवर्द्धनका लागि तालिम, अध्ययन भ्रमणको व्यवस्था गरिनुपर्ने
    - ☞ सरकारले सहज तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउनुपर्ने
    - ☞ मलखाद, विषादी, तथा औजार उपकरणको सहज तथा सुलभ उपलब्धता गराउनु पर्ने
    - ☞ सरकारले चिया प्रशोधनका लागि स्थानीयस्तरमा चिया उद्योगको स्थापना गरिदिनुपर्ने
    - ☞ सरकारले अर्गानिक चिया खेतीमा जोड दिनुपर्ने ।
    - ☞ चिया खेतीको लागि सिँचाईको सुविधा व्यवस्था गरिदिनु पर्ने ।

# राष्ट्रिय जनगणना २०७८- दृष्टिकरण (Envisioning the 2021 Population and Housing Census of Nepal)

केन्द्रीय तथ्याङ्क विभागको आयोजनामा संयूक्त राष्ट्र संघ जनसख्या कोष (UNFPA) को सहयोगमा मिति २०७५/५/१ गते ललितपुरमा राष्ट्रिय जनगणना २०७८ – दृष्टिकरण (Envisioning the 2021 Population and Housing Census of Nepal) विषयक गोष्ठी सम्पन्न भयो । यस कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, विभिन्न संवैधानिक आयोग र मन्त्रालयका सचिवहरू, विभिन्न विभागका महानिर्देशकहरू, योजना आयोगका सहसचिवहरू, नेपालस्थित दूतावासका प्रतिनिधिहरू, अन्तर्राष्ट्रिय विकास साझेदार निकायका प्रमुख तथा प्रतिनिधिहरू, विश्वविद्यालय संकायका प्रमुखहरू, विभागका पूर्व महानिर्देशक तथा उपमहानिर्देशकहरू, केन्द्रीय तथ्याङ्क विभागका निर्देशकहरू सहित १२० जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा विभागका उपमहानिर्देशक श्री नेविनलाल श्रेष्ठले उपस्थित विशिष्ट महानुभावहरूको लागि स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो भने विभागका निर्देशक ढुण्डीराज लामिछानेले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

## ४.१ कार्यक्रमको आवश्यकता

संवैधानिक व्यवस्थाअनुसार राज्यले जनसांख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने नीति लिएको छ । प्रतिनिधि सभा तथा प्रदेश सभाको क्षेत्र निर्धारणको लागि भूगोल र जनसंख्यालाई महत्वपूर्ण आधार मानेको छ । संविधानले समानुपातिक र समावेशी सिद्धान्तको प्रमुख एक आधार जनसंख्यालाई मानेको छ । संविधानको अनुसूचीको कार्य विस्तृतीकरण र स्थानीय तह कार्य सञ्चालन ऐनले स्थानीय तहलाई दिएको अधिकारको कार्यान्वयनको लागि जनसांख्यिक तथ्याङ्को महत्वलाई स्पष्ट मार्गदर्शन गरेको छ । नेपालमा संघीय शासन अवलम्वन पछिको पहिलो ऐतिहासिक जनगणनाले संघ, प्रदेश र स्थानीय तह अनुसार र राष्ट्रिय आवश्यकताअनुसार खण्डिकृत तथ्याङ्क उपलब्ध गराउनु पर्ने आवश्यकता देखिन्छ ।

## ४.२ कार्यक्रमको उद्देश्य

केन्द्रीय तथ्याङ्क विभागले वि.स. २०७८ मा सञ्चालन गर्न गई रहेको १२ औं राष्ट्रिय जनगणनाको तयारी, योजना, व्यवस्थापन लगायतका विविध विषयगत प्राविधिक पक्षमा प्रारम्भिक मार्गचित्र जानकारी गर्नुका साथै छलफल तथा अन्तरक्रियाबाट सुझाव एवं पृष्ठपोषण संकलन गर्नु यस गोष्ठीको मुख्य उद्देश्य रहेको छ ।

यस गोष्ठीको अन्य उद्देश्यहरूमा हालसम्म भएका जनगणनाको अवस्था र सिकाइ तथा आगामी २०७८ मा सम्पन्न हुने जनगणनाको संक्षिप्त कार्य योजनामा, आगामी जनगणनको स्रोत व्यवस्थापन तथा परिचालन र गणनाका विविध पक्षमा आवश्यक छलफल गरी सुझाव संकलन गर्नु रहेको छ ।

## ४.३ कार्यक्रम प्रस्तुत कार्यपत्रको संक्षिप्त विषयहरू

यस गोष्ठीमा तीनवटा प्रस्तुति गरिएको थियो । विभागका महानिर्देशक सुमनराज अर्यालले संवैधानिक व्यवस्था अनुसार जनसंख्या तथ्याङ्कको महत्व, राष्ट्र संघको जनगणनाका सिद्धान्त र सिफारिसको अनुसरण र नेपालको सन्दर्भ, नेपालको ऐतिहासिक पृष्ठभूमि, जनगणना, २०७८ को प्रारम्भिक कार्य योजना, व्यवस्थापन तथा हालको तयारी अवस्था विषयमा पहिलो प्रस्तुति गर्नु भएको थियो । त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव डा. बैकुण्ठ अर्यालयले नीति निर्माणमा जनगणना तथ्याङ्को प्रयोग र सुशासन विषयमा र जनगणना २०७८ को सन्दर्भमा सुझावहरू सम्बन्धी दोस्रो प्रस्तुति गर्नु भएको थियो । अन्तिम प्रस्तुति संयूक्त राष्ट्र संघ जनसख्या कोषका रोगेलो फर्नान्डेजले संघीयतामा जनगणनाको नीति निर्णयसँगको सम्वन्ध, गुणस्तर कायमका लागि अपनाउनु पर्ने सावधानी, जनगणनाबाट अपेक्षित महत्वपूर्ण सूचकहरू, अन्तर्राष्ट्रिय अभ्यास, जनगणना सञ्चालनका महत्वपूर्ण तथा जोखिम पक्ष तथा चुनौती र अवसरका विषयमा गर्नु भएको थियो ।

## ४.४ छलफल तथा जिज्ञासाहरू

तीनवटा प्रस्तुतिपश्चात् छलफलको लागि खुला गरिएको समयमा १५ जना सहभागीहरूले सुझाव तथा जिज्ञासाहरू राख्नु भएको थियो । कार्यक्रममा प्रस्तुत भएका मूख्य मूख्य टिप्पणी तथा सुझावहरू निम्न बमोजिम रहेका छन् ।

- कार्यक्रममा नीतिगत कुरामात्र भए जनगणनामा सर्वसाधारणको पहूँचका बारेमा के कस्तो विचार गरिएको छ आउनु पर्ने ।

- धर्मसम्बन्धी प्रश्नावलीमा रहेको विगत व्यवस्थामा धर्म नलिने विकल्प पनि थप्नु पर्ने ।
- नापी विभागले भूउपग्रहीय छवी (Satellite image) मार्फत बस्तीस्तरको नक्सांकन गर्ने कार्य गरिरहेको र यसबाट प्रशासनीक एकाईको परिवर्तित सिमाना सहितको नक्सा प्राप्त गर्न सकिने भएकोले जनगणना प्रयोजनको लागि गणना क्षेत्र नक्शांकन तयार हुन्छ । यसका लागि केन्द्रीय तथ्याङ्क विभागसँग नापी विभाग सहकार्य गर्न तयार रहेको विचार आएको ।
- जनगणनाको खण्डीकृत डाटा उपलब्ध गराउनु पर्ने ।
- युवाहरूको स्थिति, मानवस्रोतका बारेमा ज्ञान, सीप, संख्या, अनुभव तथा रोजगारी तथा बेरोजगारी अवस्था आदिको बारेमा विवरण उपलब्ध गराउनु पर्ने । त्यसैगरी प्राकृतिक स्रोतको बारेमा समेत तथ्याङ्क उपलब्ध गराउनु पर्ने ।
- जनगणनामा प्रयोग हुने गणना क्षेत्र (Enumeration Area) को नक्सा तयार गर्नेकाम छिटो गर्नुपर्ने । के कस्तो प्रविधिको प्रयोग गर्ने हो निर्णयमा पुग्ने समय कम रहेको विचार आएको ।
- जनगणनामा सबैको माग बमोजिम प्रश्नहरू थप गर्न नसकिने हुदाँ केही प्रश्नहरू संकलनमा नमूना विधिको समेत प्रयोग गर्नु पर्ने ।
- जनगणनाको व्यापक प्रचार प्रसार र यसबाट प्राप्त हुने तथ्याङ्को प्रयोगको बारेमा योजना चरणमा नै सोच्नु पर्ने ।
- विभागले गर्ने विभिन्न सर्वेक्षण जस्तै नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण र नेपाल बहुसूचकांक सर्वेक्षण तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षणका तथ्याङ्कलाई जनगणनाका तथ्याङ्कसँग समन्वय (Harmonization) गर्नु पर्ने ।
- जनगणनाको कार्यलाई गृह मन्त्रालयले गरेको राष्ट्रिय परिचयपत्र कार्यक्रमसँग जोड्नु पर्ने ।
- जनगणनाको स्थलगत कार्य समाप्त भएको १०/१२ दिन भित्र केही महत्वपूर्ण परिणाम आउने गरी Real Time मा बेवमा आधारित तथ्याङ्क संकलन गर्नु पर्ने ।
- आर्थिकरूपले सक्रिय जनसंख्या (Economically Active Population) कसरी बढेको छ, देश बाहिर गएर काम गर्ने (लाहुरे प्रवृति) लाई कसरी तथ्याङ्क संकलनको दायरामा ल्याउने सोच्नु पर्छ ।

## ४.५ कार्यक्रमका बारेमा मन्तव्य र समापन

राष्ट्र संघ जनसंख्या कोषका नेपालका प्रतिनिधि लुब्ना बाँकीले विगत जनगणनामा केन्द्रीय तथ्याङ्क विभागलाई कोषबाट आर्थिक तथा प्राविधिक सहयोग हुदै आएको र आगामी दिनमा समेत उल्लेखनिय सहयोग रहने विचार व्यक्त गर्नुभएको थियो । आगामी जनगणनाबाट प्राप्त हुने तथ्याङ्कले नीति निर्माणकर्ता, योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, दिगो विकासका लक्ष्यको लागि तथ्याङ्क उत्पादन र अनुगमन गर्न, मानवअधिकारको संरक्षण र संघीताको कार्यान्वयनमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको थियो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. राम कुमार फुयालले तीनवटै कार्यपत्रमाथि टिप्पणी गर्नु भएको थियो । तीनवटा कार्यपत्र समय सान्दर्भिक रहेको र यसले आगामी जनगणना सञ्चालन र व्यवस्थापन, नयाँ प्रविधिको प्रयोग, स्थानीय तहसम्मका सानो एकाइमा खण्डिकृत तथ्याङ्क उपलब्ध गराउने विषयमा महत्वपूर्ण सहयोग पुग्ने विचार व्यक्त गर्नु भएको थियो ।

प्रमुख अतिथि एवं रा.यो.आ.का उपाध्यक्ष डा. पुष्प राज कंडेलले स्थानीय तहको तल्लो तहसम्म माग भएका तथ्याङ्क आपूर्ति गर्नेतर्फ सचेत हुनु पर्ने, संविधानमा निर्दिष्ट नीति, संघीय तथा प्रादेशिक निर्वाचनको क्षेत्रनिर्धारण, समावेशी र समानुपातिक सिद्धान्तको पालन गर्न, सरकारका सबै तहमा स्रोत व्यवस्थापन, नीति तथा निर्णय प्रक्रिया तथ्यमा आधारित हुन लगायत कार्यमा जनगणनाको तथ्याङ्क महत्वपूर्ण हुने विचार व्यक्त गर्नु भएको थियो । नेपाल सरकारले लिएको **'समृद्ध नेपाल र सुखी नेपाली'**को नारा कार्यान्वयन भए नभएको मापन गर्ने आधारनै जनगणनाका तथ्याङ्क हुने र त्यसैगरी राष्ट्रिय तथ्यगत विवरणको राष्ट्रिय अभियानमा समेत सहयोग पुग्ने विचार राख्नु भएको थियो । यस महत्वपूर्ण वृहत कार्यमा राष्ट्रिय योजना आयोगको सबै प्रकारको सहयोग रहने कुरा व्यक्त गर्नुभएको थियो । अन्तमा, माननीय उपाध्यक्षबाट सबै अमन्त्रित माहनुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

# आ.व २०७४/७५ को तेश्रो चौमासिकमा सम्पन्न भएका र आ.ब.२०७५/७६ को प्रथम चौमासिकमा विभागका विभिन्न शाखाबाट सम्पन्न भएका/हुने तथ्याङ्कीय गतिविधिहरू :

## लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखा :

१. यस विभागको लैङ्गिक तथा सामाजिक शाखाबाट आर्थिक वर्ष २०७४/७५ मा सामाजिक तथ्याङ्क र लैङ्गिक तथ्याङ्क सम्बन्धी पुस्तक र नेपाल इन्फोको सि.डी. प्रकाशन गरेको छ ।

२. सामाजिक तथ्याङ्कको बढ्दो मागलाई दृष्टिगत गरी २०७२ सालदेखि पाठकहरू समक्ष नयाँ स्वरुपको "सामाजिक तथ्याङ्क पुस्तिका" प्रत्येक आर्थिक वर्षको अन्त्यमा यस शाखाबाट छुट्टै प्रकाशन गर्दै आएकोमा "सामाजिक तथ्याङ्क पुस्तिका २०७५" तयार पारी विभागको वेभसाइटमा राखिएको छ । उक्त पुस्तिकामा सामाजिक क्षेत्रका विविध विषयहरू जस्तै जनसंख्या, घरपरिवार तथा सुविधामा पहुँच, शिक्षा, स्वास्थ्य र स्वास्थ्य सेवा, सूचना तथा सञ्चार, मनोरञ्जन, खेलकुद, सवारी साधन, पेट्रोलियम पदार्थ, सवारी दुर्घटना, दैवी प्रकोप, अपराध तथा निजामती कर्मचारी आदि वारेका तथ्याङ्कहरू विभिन्न निकायबाट उपलब्ध भएसम्म प्रादेशिक तहमा संकलन गरी सोको संक्षिप्त विश्लेषण समेत राखिएको छ । प्रकाशन भएका तथ्याङ्कहरू यसका प्रयोगकर्ता तथा पाठकहरूका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

३. यस शाखाले नेपाल इन्फोको सि.डि प्रकाशन सन् २००३ बाट शुरु गरेको हो । नेपाल इन्फोको सि.डि. प्रत्येक आ.व. मा नियमित रूपमा प्रकाशन गर्दै आएको छ । यस आ.व. मा पनि सो कार्यलाई निरन्तता दिंदै उपलब्ध प्रादेशिक तथ्याङ्कहरूलाई समेटी प्रकाशन गरेको छ । यस शाखाबाट लैङ्गिक तथ्याङ्क तयार पारी वेभसाटमा पनि राखिएको छ । लैङ्गिक तथ्याङ्कमा जनसंख्या, आर्थिक बनावट, शिक्षा, स्वास्थ्य र महिला सशक्तिकरण सम्बन्धी विषयमा लिङ्गगत खण्डिकृत (Sex disaggregated) डाटा प्रस्तुत गरिएको छ ।

४. महिला तथा बालबालिका सम्बन्धी सूचकहरूको सँगालो नेपाल बहुसूचक सर्वेक्षण यस शाखाले सन् २०१० मा मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रमा गरिएको थियो भने सन् २०१४ मा नेपाल भरी नै सो सर्वे सञ्चालन गरिएको थियो । सन् २०१९ मा हुन गइरहेको उक्त सर्वेक्षणमा भने पुरुष र बालबालिकामा हुने अपाङ्गता सम्बन्धी सूचकहरू पनि थप गरिने भएको छ । सन् २०१९ मा सञ्चालन हुन गइरहेको उक्त सर्वेक्षणको निर्देशक समिति र प्राविधिक समितिको गठन कार्य, लगत संकलन तथा प्रश्नावली सम्बन्धी कार्यशाला गोष्ठी, घरपरिवार सूचिकरण तालिम संचालन, तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य, निर्देशिका तयारी सम्बन्धी कार्यशाला गोष्ठी, तालिम सामाग्री तयारी सम्बन्धी कार्यशाला गोष्ठी कार्यहरू यस आ.व. २०७५/७६ को प्रथम चौमासिकमा संचालन हुने छन् ।

## राष्ट्रिय लेखा शाखा

१. २०७४/७५ को कूल गार्हस्थ उत्पादन सार्वजनिकरण : यस शाखाबाट अर्थतन्त्रका विभिन्न पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरू अनगुमन तथा मूल्यांकन गर्नका लागि अत्यावश्यक हुने कूल गार्हस्थ उत्पादन (Gross Domestic production), उपभोग (Consumption), बचत (Saving ), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यस सँग सम्बन्धी तथ्याङ्कहरू तयार गरी २०७५ वैशाख १२ गते सार्वजनिक गरीएको थियो

२. तथ्याङ्क विभाग र FPSN (Facilitating the Pursuit of Sustainable Development Goals in Nepal) को आर्थिक सहयोगमा आ.व. ०७४/०७५ मा जेठको १५ देखि १९ सम्म काभ्रेको धुलिखेलमा "National Accounts Theory and Practice" सम्बन्धी गोष्ठी सम्पन्न भएको थियो । उक्त गोष्ठीको मुख्य उद्देश विश्वविद्यालयका अर्थशास्त्र तथा तथ्याङ्कशास्त्रीका प्राध्यापकहरूलाई राष्ट्रिय लेखा अनुमान विधिहरूको सम्बन्धी जानकारी दिनु थियो । यस गोष्ठीमा प्राध्यापक संख्या २३ जनाको सहभागीता थियो ।

३. कूल गार्हस्थ उत्पादन (GDP) को पुनरआधरण (Rebasing) कार्यलाई प्रभावकारी बनाउने सन्दर्भमा World Bank को सहकार्यमा २०७४ जेठको २१ देखि २३ सम्म काभ्रेको धुलिखेलमा Rebasing सम्बन्धी तिन दिने गोष्ठी कार्यकम संचालन भएको थियो । उक्त कार्यक्रममा worldbank

का consultant ले International Practice in Rebasing सम्बन्धी जानकारी दिएका थिए । त्यस्तै मूल्य शाखाका निर्देशक श्री गणेश आचार्यबाट Evaluation of price statistics in manufacturing sector र Manufacturing price index सम्बन्धी जानकारी दिनुभएको थियो । यसै गरी उक्त गोष्ठीमा Modern र Small manufacturing sector को Data प्रयोग सम्बन्धका लागि दुई समूह बनाएर NLSS र Survey of small manufacturing establishments (2008 – 2009) को Raw Data मा काम गरिएको थियो । त्यस्तै रा.ले शाखाका निर्देशक श्री ईश्वरी प्रसाद भण्डारीबाट Household base manufacturing को समेत प्रस्तुति भएको थियो । गोष्ठीमा उपमहानिर्देशक, रा.ले शाखाका ८ जना, मूल्य शाखाबाट २, प्रतिष्ठान गणना शाखाबाट २ र विश्व बैंकका ४ जना गरी १७ जनाको सहभागिता थियो ।

४. राष्ट्रिय लेखा तथ्याङ्कलाई गुणस्तर बनाउन विभिन्न निकायहरूबीच समन्वय गर्ने क्रममा रा.ले शाखाको प्राविधिक समितिको बैठक यस के.त.वि का उपमहानिर्देशक तथा प्राविधिक समितिका अध्यक्ष श्री हेमराज रेग्मीको अध्यक्षतामा तथा अन्य विभिन्न निकायका प्रतिनिधिहरूको उपस्थितिमा के.त.वि मा सम्पन्न हुनेछ । उक्त बैठकमा वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने कार्यको लागि समन्वय तथा सहजीकरण गर्ने, तथ्याङ्कहरूको स्तरीयता र अन्तराष्ट्रिय वर्गीकरणमा एकरुपता ल्याउन/अपनाउन, समग्र राष्ट्रिय लेखा अनुगमनको गुणस्तर वृद्धि गर्न तथा online data प्राप्त गर्ने सम्बन्धी विषयमा छलफल गरिने छ ।

५. नयाँ आधार वर्षमा GDP तयार गर्ने : राष्ट्रिय लेखा शाखामा GDP Series को Rebasing गत आ.व देखि भइरहेको छ । यस सिलसिलामा कुल गार्हस्थ उत्पादनमा हालसम्म समावेश नभएका क्षेत्रहरू Water users group, Coaching center, Education consultancy institution, Dental clinic, Medical clinic, Pathology / Radiology etc. को अनुमान तयार गर्ने सिलसिलामा प्रश्नावली तयार गरी पूर्व परीक्षण गर्ने काम हुनेछन् ।

६. जिल्लाका तथ्याङ्क कार्यालयहरूले वार्षिक तथा त्रैमासिक रा.ले तथ्याङ्क संकलन गरी विभागमा पठाउने व्यवस्था छ । सोही अनुसार रा. ले शाखाले शाखामा कार्यरत कर्मचारीलाई वार्षिक तथा त्रैमासिक रूपमा तथ्याङ्क संकलन कार्यको अनुगमन तथा सुपरिवेक्षण कार्यमा खटाई निर्धारित लक्ष्य अनुसार तोकिए बमोजिम तथ्याङ्क संकलन भए नभएको वा फिल्डकार्यमा भएको समस्या र समाधानका उपाय समयमै पत्ता लगाउने काम गरिएको छ ।

७. यस आ.व को प्रथम त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क तयार गरिनेछ ।

८. प्रादेशिक तहको GDP तयार गर्न आवश्यक पूर्व तयारीका कामहरू सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।

## व्यापार तथ्याङ्क शाखा

१. व्यापार तथ्याङ्कसँग सम्बन्धित दिगो विकास लक्ष्यका सूचक (SDG Indicator) हरू तयार गर्नको लागि केन्द्रीय तथ्याङ्क विभागको तालिम हलमा व्यापार तथ्याङ्क शाखाको आ. व. २०७४।०७५ को अन्तिम चौमासिकमा व्यापार तथ्याङ्कसँग सम्बन्धित निम्न उद्देश्यका साथ एक दिने गोष्ठी सम्पन्न भएको थियो । यस कार्यक्रममा केन्द्रीय तथ्याङ्क विभागका उपमहानिर्देशक हेमराज रेग्मी, केन्द्रीय तथ्याङ्क विभागका निर्देशक दिनेश भट्टराई र भन्सार विभागका प्रतिनिधिको रूपमा निर्देशक विनोद शरण आचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यस गोष्ठीमा विभागका उपमहानिर्देशक, निर्देशक तथा अधिकृत गरी करीब ६० जनाको उपस्थिति रहेको थियो । कार्यक्रमका उद्देश्यहरू:

- आयात निर्यात तथ्याङ्क संकलन तथा तालिकीकरण गरी विभिन्न अवधिमा नेपालको विभिन्न देशहरूसँग भएको व्यापारको तुलनात्मक अध्ययन गर्ने ।
- नेपालको विभिन्न देशहरूसँग विभिन्न अवधिमा भएको व्यापारघाटा अध्ययन गर्ने ।
- व्यापार तथ्याङ्कसँग सम्बन्धित दिगो विकास लक्ष्यका सूचकहरू तयार गर्ने ।
- व्यापार तथ्याङ्कसँग सम्बन्धित निकाय बिच समन्वय गरी व्यापार तथ्याङ्कलाई व्यवस्थित बनाउने ।

२. आ.व. २०७५।०७६ को पहिलो चौमासिकमा व्यापार (आयात निर्यात) सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित बनाउन अन्तर निकायबिच समन्वय बैठक, आयात निर्यात तथ्याङ्क सम्बन्धी कार्यशाला गोष्ठी र आयात निर्यात तथ्याङ्क संकलन तथा सुपरिवेक्षण गर्ने लक्ष्य रहेको छ ।

## जनसंख्या शाखा

### १. आ.व. २०७४/७५ को तेस्रो चौमासिकमा सम्पन्न गरिएको कार्यक्रम

केन्द्रीय तथ्याङ्क विभागको जनसंख्या शाखाबाट आ.व. २०७४/७५ को तेस्रो चौमासिकमा आगामी जनगणना २०७८ को तयारीको सम्बन्धमा गोरखा जिल्लामा सरोकारवालाहरूसँग जिल्लास्तरीय दुई दिने

अन्तरक्रिया कार्यशाला सफलतापूर्वक सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको मुख्य उद्देश्य जिल्लास्थित तथ्याङ्क प्रयोगकर्ताहरूलाई नेपालमा संचालित राष्ट्रिय जनगणनाको ऐतिहासिक पृष्ठभूमि, महत्व तथा स्थानीयस्तरमा यसको प्रयोग सम्बन्धी जानकारी गराउनु रहेको थियो । यसको अलावा अगामी जनगणनामा स्थानीय तहसम्मको प्रशासनिक संरचना, प्रश्नावलीमा समावेश गरिने विषयवस्तु तथा तथ्याङ्कको गुणस्तर कायम गरी प्रयोगमैत्री तथ्याङ्क उत्पादनको लागि जिल्लास्थित तथ्याङ्क प्रयोगकर्ता तथा विज्ञहरूको सुझाव संकलन गर्नु रहेको थियो ।

कार्यक्रममा जिल्लामा रहेका विभिन्न सरकारी तथा गैरसरकारी निकायका अधिकृतहरू, विभिन्न कलेजका प्राध्यापक तथा शिक्षकहरू, नागरिक समाजका प्रतिनिधि तथा तथ्याङ्क प्रयोग गर्ने विशिष्ट व्यक्तिहरू सहित करिव २५ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रमाथि विभिन्न सहभागीहरूले आ-आफ्नो धारणा तथा सुझावहरू राखेका थिए । सहभागीहरूको तर्फबाट प्रस्तुत गरिएका केही टिप्पणी तथा सुझावहरू यस प्रकार रहेका छन् :

- आगामी जनगणनाको तयारीका कार्यहरू गर्न ढिलो भैसकेको र जनगणनाको ढाँचा (Modality) तयार गरी तयारीका कार्यहरू तीब्रताको साथ अगाडी बढाउनु पर्ने
- जनगणनाबाट प्राप्त सूचकहरू स्थानीय तहसम्म नै माग भएको र सकेसम्म अधिक मात्रामा स्थानीय तहसम्मको सूचकहरू उपलब्ध गराउन आवश्यक तयारी गर्नुपर्ने ।
- आगामी जनगणनाको प्रश्नावलीमा संभव भएसम्म SDG का सूचकहरू समेत प्राप्त हुने गरी र बहुआयामिक गरिबी सूचक (Multi-Dimensional Poverty Index) का सूचकहरू समेतलाई ध्यान दिएर प्रश्नावलीमा परिमार्जन गर्न तथा जनगणनालाई Gender Empowerment and Social Inclusion को लागि आवश्यक सूचकहरू समेत प्राप्त हुने गरी प्रश्नावली तयार गर्नुपर्ने ।
- तथ्याङ्क संकलनको ढाँचासमेत ध्यानमा राखि प्रश्नावलीको आकार तथा विषयबस्तु निर्धारण गर्नुपर्ने ।
- आगामी जनगणनामा प्रश्नावली भर्ने तथ्याङ्क संकलन प्रणालीका साथै बहु ढाँचायुक्त प्रविधिमा जानु उपयुक्त हुने ।

### २. चालु आ.व. २०७५ ७६ को प्रथम चौमासिक अवधिमा सम्पन्न गरिने कार्यक्रमहरू

जनसंख्या शाखाले चालु आ.व.मा आगामी जनगणना २०७८ को तयारी कार्यलाई तीव्रता दिँदै विभिन्न कार्यक्रमहरू राखेको छ । जस अन्तरगत प्रथम चौमासिकमा सम्पन्न गरिने कार्यक्रमहरू यसप्रकार रहेको छ ।

१. गणना क्षेत्रका भौगोलिक तथ्याङ्क व्यवस्थापन गर्नका लागि Geo database तयारका लागि तयारी कार्य ।

२. राष्ट्रिय जनगणना २०७८ को लागि नगरपालिकाहरूको गणनाक्षेत्र नक्सा तयारी, भौगालिक तथ्याङ्क संकलन तथा कम्प्यूटरमा प्रविष्टी (डिजिटाइजेसन) गर्ने ।

३. राष्ट्रिय जनगणना २०७८ निर्देशक तथा प्राविधिक समिति गठन गरी वैठक संचालन गर्ने ।

४. राष्ट्रिय जनगणना २०७८ विषयगत समिति गठन गरी छलफल गर्ने ।

५. पाइलट जनगणनाको तयारी कार्य गर्ने ।

६. मस्यौदा प्रश्नावली तथा निर्देशिका तयारीको लागि कार्यशाला संचालन गर्ने ।

७. राष्ट्रिय जनगणना २०७८ को सम्बन्धमा सरोकारवाला संघ/संस्थासँग अन्तरक्रिया गोष्ठी कार्यशाला संचालन गर्ने ।

८. राष्ट्रिय जनगणना २०७८ को विषयगत एवं मस्यौदा प्रश्नावली तथा गणना विधिको परीक्षण गर्ने ।

९. जिल्लामा गणना क्षेत्र नक्साङ्कन सम्बन्धी कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

## प्रकाशन, वितरण तथा पुस्तकालय शाखा

आ.ब.२०७४/७५ को अन्तिम चौमासिकमा राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive) मा सो अवधिसम्मका उपलब्ध सर्वेक्षणहरूको अभिलेख गरियो । यही चौमासिकमा केन्द्रीय तथ्याङ्क विभागको प्रचार प्रसार सामाग्रीको मस्यौदा तयार गरिएको थियो ।

आ.ब.२०७५/७६ को पहिलो चौमासिकमा यसै आ.ब.मा स्वीकृत बार्षिक कार्यक्रमहरू जस्तैः नेपालको तथ्याङ्कीय झलक २०७६, Nepal in Figures 2019 को तथ्याङ्क संकलन लगायतका मूलतः सम्पूर्ण कार्यक्रमहरू सम्पन्न गरिएको साथै यसै अवधिमा आ.ब.२०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रममा नतोकिएको तथ्याङ्क प्रसार तथा वितरण कार्यविधि, २०७५ को मस्यौदा तयार गरिएको छ ।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम अद्यावधिक तथा प्रकाशित गर्नुपर्ने केन्द्रीय तथ्याङ्क विभाग सम्बन्धी सूचनाहरूको विवरणः

## १. केन्द्रीय तथ्याङ्क विभागको स्वरूप र प्रकृति

*"जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी विभागहरूको प्रशासकीय निपुणता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार) लाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सम्बन्धी कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गर्न वाञ्छनीय भएकोले" २०१५ साल मार्ग १८ गतेका दिन नेपालमा तथ्याङ्क ऐन, २०१५* लागू भयो । यही ऐनको आधारमा साविक सङ्ख्या विभाग खारेज भई २०१५ साल पौष १७ गते (जनवरी १, १९५९) केन्द्रीय तथ्याङ्क विभाग (के. त. वि.) को स्थापना भएको हो । केन्द्रीय तथ्याङ्क विभागलाई तथ्याङ्क सङ्कलन, प्रशोधन, सँग्रह, विश्लेषण एवं प्रकाशन गर्ने जिम्मेवार निकायको रूपमा स्थापना गरिएको छ ।

## २. केन्द्रीय तथ्याङ्क विभागको काम, कर्तव्य र अधिकार

- नेपाल सरकारलाई योजना तर्जुमा तथा नीति निर्धारणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने
- आर्थिक तथा सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्ने,
- स्तरीय तथ्याङ्क संकलनका लागि सर्वमान्य विधि, प्रामाणिक वर्गीकरण (Standard Classifications), परिभाषा र स्तरीय वर्गीकरणहरूको विकास गरी तिनको प्रयोग गर्ने, गराउने,
- आ-आफ्नो प्रयोजनको लागि तथ्याङ्क संकलन गर्ने निकायहरूबीच समन्वय ल्याई एकै किसिम र प्रकृतिको तथ्याङ्क विभिन्न निकायबाट संकलन गर्ने दोहोरोपनाको प्रवृत्ति हटाई एकीकृत तथा समन्वित तथ्याङ्क संकलन स्थितिको विकास गर्ने,
- देशको लागि आवश्यक पर्दै जानसक्ने विभिन्न किसिमका तथ्याङ्कको पहिचान गरी त्यस्ता तथ्याङ्क उत्पादन गर्ने गराउने,
- विभिन्न गणना र सर्वेक्षणबाट संकलित तथ्याङ्क अभिलेखहरू सुरक्षित रूपमा राख्ने,
- अन्तर्राष्ट्रिय प्रविधि अध्ययन गरी तथ्याङ्क संकलनलाई वैज्ञानिक, भरपर्दो र उपयोगी बनाउँदै लैजाने,
- राष्ट्रियस्तरका तथ्याङ्कहरूमा सामञ्जस्य र एकरुपता कायम गरी उत्पादित तथ्याङ्कहरूको गुणस्तर कायम गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने
- तथ्याङ्कसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनारको आयोजना गर्ने, गराउने । साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने त्यस्ता तालिम, गोष्ठी, सेमिनारमा नेपाल सरकारका तर्फबाट प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउने,
- विभिन्न तथ्याङ्क सम्बन्धी गतिविधिलाई निर्देशन दिने र नियन्त्रण गर्ने,
- तथ्याङ्क क्षेत्रमा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,
- अन्तर्गतका तथ्याङ्क कार्यालयहरूबाट नियमित र भरपर्दो तथ्याङ्क उपलब्ध गराउने पद्धति व्यवस्थित गर्ने ।

## ३. कर्मचारी संख्या र कार्य विवरण

केन्द्रीय तथ्याङ्क विभाग र यस अन्तर्गत ३३ वटा तथ्याङ्क कार्यालयहरू रहेका छन् । हाल विभागमा १४८ जना र तथ्याङ्क कार्यालयहरूमा ३८४ जना गरी जम्मा ५३२ कर्मचारीहरूको दरवन्दी रहेको छ ।

## ४. प्रदान गरिने सेवा

- ➢ वातावरण, आर्थिक लेखा तथा स्याटलाइट लेखा सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण,
- ➢ औद्योगिक तथा प्रतिष्ठान गणना (साना/मझौला/ठूला उद्योग) को तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण,

- ➢ औद्योगिक उत्पादन, निर्माण सामग्री, कामदार ज्यालादर, मूल्यसम्बन्धी आवधिक सूचकांकहरूको संकलन, प्रशोधन तथा विश्लेषण,
- ➢ कृषि तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण,
- ➢ व्यापार तथ्याङ्कको संकलन, सँग्रह, प्रशोधन, विश्लेषण
- ➢ कुल गार्हस्थ उत्पादन लगायत आर्थिक सूचकहरू संकलन, सँग्रह, प्रशोधन, विश्लेषण,
- ➢ तथ्याङ्कीय प्रकाशनहरू,
- ➢ पुस्तकालय सेवा,
- ➢ जनसंख्या तथ्याङ्क संकलन, सँग्रह, प्रशोधन तथा विश्लेषण,
- ➢ विद्युतीय माध्यमबाट तथ्याङ्कको उपलब्धता,
- ➢ सामाजिक तथ्याङ्क (शिक्षा, स्वास्थ्य, प्रजनन्, सरसफाई, मानव विकास, दुर्घटना, अपराध, मुद्दा, जन्म, मृत्यु, विवाह, बसाई-सराई, लैङ्गिक विभेद, सामाजिक, आर्थिक तथा जनसांख्यिक) को संकलन, प्रशोधन तथा विश्लेषण,
- ➢ भौगोलिक सूचना प्रणालीमा आधारित नक्सांकनका कार्यहरू ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

के.त.वि.का कार्यगत शाखाहरूमा कार्यरत निर्देशकहरू तथा तथ्याङ्क कार्यालयका प्रमुखहरू सम्बन्धित कामका लागि जिम्मेवार अधिकारी हुन् ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

विभागबाट प्रदान गरिने प्रायःजसो प्रकाशनहरू तथा सेवाहरू निःशुल्क प्रदान गरिन्छ । प्रायःजसो सर्वेक्षण तथा गणनाका माइक्रो डाटा सेटहरू सःशुल्क उपलब्ध गराइन्छ । माग गरेको सेवाको प्रकृति अनुसार यथाशीघ्र सेवा उपलब्ध गराईने छ ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारी

सेवाग्राहीले आफूले चाहेको सेवाको विषयवस्तुसँग सम्बन्धित शाखाका निर्देशक समक्ष लिखित वा मौखिक रूपमा सूचना माग गर्नु पर्नेछ । निज निर्देशक नै आफ्नो शाखाको विवरण उपलब्ध गराउने जिम्मेवार अधिकारी हुन् ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कुनै निर्देशकले गरेको निर्णय उपर सम्बन्धित महाशाखा प्रमुख अर्थात उपमहानिर्देशक समक्ष उजुरी दिन सकिने छ ।

## ९. आ.व. २०७५/७६ मा संचालन भै रहेका प्रमुख कार्यक्रमहरू

- राष्ट्रिय जनगणना २०७८ को तयारी कार्य
- राष्ट्रिय जनगणना २०७८ को लागि नगरपालिकाहरूको गणनाक्षेत्र नक्सा तयारी भौगोलिक तथ्याङ्क संकलन तथा कम्प्यूटरमा इन्ट्री (डिजिटाइजेशन) गर्ने
- जनगणना क्षेत्रका भौगोलिक तथ्याङ्क व्यवस्थापन गर्नका लागि Geo-Database तयार पार्ने
- नेपाल जीवनस्तर सर्वेक्षण चौथो संचालन गर्ने र नतिजा सार्वजनिकिकरण गोष्ठी
- नेपाल श्रमशक्ति सर्वेक्षणको संकलित तथ्याङ्कको स्थलगत भेरिफिकेसन र नतिजा सार्वजनिकिकरण गर्ने
- नेपाल बहुसुचक सर्वेक्षण २०१९ को स्थलगत मूल तथ्याङ्क संकलन तथा सुपरिवेक्षण गर्ने
- नेपाल वातावरण तथ्याङ्क संकलन, प्रकाशन र सार्वजनीकरण
- फोहरमैला तथ्याङ्क संकलन र स्थानीय तहको क्षमता विकास गर्ने
- राष्ट्रिय आर्थिक गणना २०७५ को गोष्ठी, राष्ट्रिय आर्थिक गणना २०७५ को लगत प्रशोधन साथै राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्याङ्क नतिजा सार्वजनीकरण
- सहकारी र पर्यटन क्षेत्रको स्याटलाइट एकाउण्ट तयार गर्ने
- राष्ट्रिय लेखा Rebasing सम्बन्धी कार्य र बार्षिक राष्ट्रिय लेखा सम्बन्धी कार्य
- उत्पादन तथा मूल्य सम्वन्धी तथ्याङ्क संकलन कार्यक्रम र कृषि वस्तुहरूको उत्पादकको मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षण
- निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको लागि त्रैमासिक सर्वेक्षणको अनुगमन, सुपरिवेक्षण तथा भेरिफिकेशन गर्ने
- आयात र निर्यात तथ्याङ्क सम्बन्धी कार्यशाला गोष्ठी र सेवा व्यापार (Trade in Services) सम्बन्धी कार्यशाला गोष्ठी
- औद्योगिक सर्वेक्षण २०७६ को तयारी कार्य
- व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ गर्ने, प्रतिवेदन तयारी गोष्ठी र प्रतिवेदन सार्वजनिकीकरण कार्य गर्ने
- राष्ट्रिय कृषिगणना २०७८ को लागि पूर्व तयारी कार्यहरू
- Food Balance Sheet तयारीको लागि पूर्वाधार तयार गर्ने
- दूध तथा मासुको उत्पादन लागत सर्वेक्षणका लागि बिधि विकासका लागि सरोकारवालासँग छलफल, लगत सूची फारम तथा निर्देशिका तयारी छलफल गर्ने

- उत्पादन लागत सर्वेक्षणको डाटा इडिटिंग तथा विश्लेषण छलफल र उत्पादन लागत सर्वेक्षणको नतिजा सार्वजनिकीकरण
- अफिसियल स्टाटिस्टिक्स बिषयक प्रशिक्षणमूलक तालिम संचालन गर्ने (प्रदेश र स्थानीय तहस्तर नवप्रवेशी सहायक स्तरका कर्मचारीहरूका लागि)
- सूचना प्रविधिको उपयोग र प्रदेश र स्थानीय तहको तथ्याङ्क विषयक प्रदेशस्तरका मन्त्रालय र स्थानीय तहका अधिकृतस्तर कर्मचारीहरूका लागि गोष्ठी (प्रदेश स्तर)
- संघीय, प्रदेश र स्थानीय तहको लागि तालिम सामग्री तथा कार्यविधि तयार गर्ने
- Statistical Pocket Book of Nepal - २०१८ को प्रकाशन
- राष्ट्रियस्तरका SDG सूचकाङ्कहरूको संकलन र प्रकाशन
- गणना तथा सर्वेक्षणहरूको नयाँ डकुमेन्टेसन र National Data Archieve (NADA) अध्यावधिक गर्ने
- Statistical advocacy and dissemination workshops, नेपाल इन फिगर्स २०१९, नेपालको तथ्याङ्कीय झलक २०७६, SAARC in Figures २०१९ को प्रकाशन
- तथ्याङ्कीय परिभाषा, अवधारणा र विधि स्तरिकरण सम्बन्धी कार्यशाला गोष्ठी
- Preparation of Nepal Standards for Sampling Design for Statistical Surveys
- सर्वेक्षण अनुमति, स्याम्पल डिजाईन सम्बन्धी कार्य आवश्यकता अनुसार गर्ने
- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गोष्ठी (जिल्ला र केन्द्र) र राष्ट्रिय तथ्याङ्क दिवस कार्यक्रम गर्ने
- विभाग तथा अन्तरगतका त.का. हरूको अघिल्लो आ.व. को समष्टिगत बार्षिक प्रगति प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण
- स्थानीय तहका कर्मचारीहरूको लागि सूचना प्रविधिको प्रयोग तथा तथ्याङ्कीय क्षमता अभिवृद्धि कार्यक्रम

## १०. विभागीय प्रमुख र सूचना अधिकारीको नाम र पद

प्रमुख श्री सुमन राज अर्याल (महानिर्देशक)

सूचना अधिकारी श्री तीर्थराज चौलागाँई (निर्देशक)

सहायक सूचना अधिकारी श्री खड्ग बहादुर राना (कम्प्यूटर अधिकृत)

## ११. ऐन, नियम, कार्यविधि, निर्देशिकाको सूची

- ➢ तथ्याङ्क ऐन, २०१५
- ➢ तथ्याङ्क नियमहरू, २०४१
- ➢ केन्द्रीय सङ्गठन दिग्दर्शन, २०५४, केन्द्रीय तथ्याङ्क विभाग
- ➢ केन्द्रीय तथ्याङ्क विभागको कार्यविधि, २०६४

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

आ.व.२०७५/७६ को केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त कूल अख्तियारीको विवरण निम्न बमोजिम रहेको छ ।

- ➢ केन्द्रीय तथ्याङ्क विभाग : रु. ८,४४,०९,०००
- ➢ आर्थिक तथ्याक विकास कार्यक्रम : रु. ५,०२,४१,०००
- ➢ सामाजिक तथ्याङ्क विकास कार्यक्रम : रु. ६,८४,६३,०००
- ➢ योजना तथा जनशक्ति विकास कार्यक्रम: रु. ३,१६,४९,०००
- ➢ तथ्याङ्क कार्यालयहरू : रु. २४,२३,८२,०००

## १३. तोकिए बमोजिमका अन्य विवरण

नेपाल सरकारको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रमहरूमध्ये बिसौं बुंदामा परेको राष्ट्रिय तथ्यगत विवरण (National Data Profile, NDP) बनाउने कार्य यस विभागबाट भइरहेको छ ।

## १४. केन्द्रीय तथ्याङ्क विभागको वेवसाइट

यस विभागको वेभसाइट www.cbs.gov.np रहेको छ ।

## १५. यस निकायको सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

केही निकायहरूले आफ्ना प्रकाशनहरूमा यहाँबाट प्रकाशित तथ्याङ्क समावेश गर्नु बाहेक अन्यत्र प्रकाशन नभएको ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाण्डौ
फोन नं. : ४२४५९४६, ४२४५९४७, ४२४५९४८
फ्याक्स नं.: ९७७-१-४२२७७२० URL : www.cbs.gov.np